हिमालयन डिष्टिलरी लिमिटेड, पर्साको

२३ (तेईसौ) वार्षिक साधारण सभाको निर्णय

यस कम्पनीको संचालक समितिका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहको सभापतित्वमा मिति २०८० साल पौष २५ गते (10th, January 2023) वुधवार विहान १०:०० वजे देखि १२:३० वजे सम्म विरगंन्ज म.न.पा. वडा नं.२१, लिपनिविर्ता पर्सा स्थित कम्पनीको रजिर्ष्टड कार्यालयमा सम्पन्न **तेईसौं बार्षिक साधारण सभामा** भएका छलफल तथा निर्णयहरु र अन्य कामकारवाही विवरण देहाय बमोजिम रहेका छन् ।

१. उपस्थिती:

(क) सभामा उपस्थित संचालकहरु :

१. श्री अखिलेश्वर प्रसाद सिंह	अध्यक्ष
२. श्री शंकरराज पाण्डे	संचालक
३.श्री साण्टु श्रेष्ठ	संचालक
४. श्री प्रकाशमणी घिमिरे	स्वतन्त्र संचालक

संचालक श्रीमती याङ्किकला शेर्पा रुईत उपचारका कममा देश बाहिर रहनु भएको र संचालक श्री नरेन्द्र कुमार वस्न्यात् स्वास्थयका कारणले स्वयं उपस्थित हुन नसकेको जानकारी प्राप्त भएको व्यहोरा अवगत गराइयो ।

(ख) उपस्थित अन्य पदाधिकारीहरु :

१. श्री निरज सुबेदी	प्रमूख कार्यकारी अधिकृत
२. श्री निशा निरौला	कम्पनी सचिव
३. श्री नविन उपाध्याय	कारखाना प्रवन्धक

(ग) आमन्त्रीत:

१. श्री घनश्याम पौड्याल — जि.पौड्याल एण्ड एसोसियट्स, चार्टड एकाउन्टेण्टस् (लेखा परीक्षक)

(घ) शेयरधनीहरुको उपस्थिती :

(१) उपस्थित शेयरधनीहरुको संख्या : ३७

(क) शेयरधनी स्वयं : ६

(ख) प्रतिनिधि (प्रोक्सी) मार्फतः ३१

२. शेयरधनीहरुको उपस्थिती (प्रतिनिधित्व)संख्याः ७०.४९ प्रतिशत

३. सभामा उपस्थित शेयर संख्याको प्रतिनिधित्व :१,७१,२६,११५ कित्ता

४. जम्मा सभामा उपस्थित हुन पाउने शेयर शंख्या : २,४२,९५,६६६.५० कित्ता

(घ) यस सभामा सहभागी हुन पाउने शेयरधनीहरुको कूल संख्या ५०,२३९ मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा उपस्थित हुन योग्य रहनु भएको थियो ।

हिमालयन डिस्टलरी लिमिटेड पर्सा नेपाल

२. छलफलका विषयसूची :

क. सामान्य प्रस्तावहरु :

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने वार्षिक प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०७९/०८० को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने ।

३. यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि.र हिमालयन फिसरीज लि.को आ.व. २०७९।०८० को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्विकृत गर्ने ।

४. संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिको १५ प्रतिशतले हुने नगद लाभांश रु.३६,४४,३४,९९७५० (अक्षरुपी छत्तिस करोड चौवालिस लाख चौतिस हजार नौ सय सन्तानव्वे रुपैंया पचास पैसा मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने ।

५. आ.व.२०८०/०८१ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका जी. पौड्याल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्टस्लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका जी. पौड्याल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्टस् नियुक्तीका लागि योग्य हुनु हुन्छ) ।

ख. विषेश प्रस्तावहरु:

६. संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूजिको १० प्रतिशत (कायम १० शेयरमा १ बोनस) का दरले हुने रु. २४,२९,५६,६६५।०० (अक्षरुपी चौविस करोड उनन्तिस लाख छपन्न हजार छ सय पैसठ्ठी मात्र) वरावरको वोनस शेयर वितरण गर्न स्विकृत गर्ने ।

७. कम्पनीको साविकको अधिकृत पूजीं रु.२,५०,००,००,०००।०० (अक्षरुपी दुई अरव पचास करोड मात्र) बाट रु. रु.३,००,००,००,०००।०० (अक्षरुपी तीन अरब) कायम गर्न स्विकृत गर्ने ।

८. साविकको चुक्ता पूंजिं रु. २,४२,९५,६६,६५० (अक्षरुपी दुई अरब वयालिस करोड पन्चानब्वे लाख छयासाठी हजार छ सय पचास रुपैंया मात्र) लाई वृद्धि गरी रु.२,६७,२५,२३,३१५।०० (अक्षरुपी दुई अरव सतसठ्ठी करोड पच्चिस लाख तेईस हजार तीन सय पन्ध्र मात्र) कायम गर्न स्विकृत गर्ने ।

९. साविकमा कायम भएको अधिकृत पूजीं र चुक्ता पूजींमा बृद्धी/संसोधन हुने हुनाले कम्पनीको प्रवन्ध पत्रको दफा ५(क), (ख), (ग) तथा नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा संसोधन गर्न स्विकृत गर्ने ।

१०. कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

११. आ.व.२०८०।०८१ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

१२. विविध ।

३. सूचना प्रकाशन, गणपुरक संख्या तथा सभाको बैधानिकता :

कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम यस कम्पनीको तेईसौ वार्षिक साधारण सभाको सभा हुने ठाउँ, मिति, समय र छलफल गर्ने विषय खोलि सबै शेयरधनीहरुलाई जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ८४(४) बमोजिम संक्षिप्त वार्षिक आर्थिक विवरण र साधारण सभा सम्वन्धि सूचना समेत राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक अर्थात मिति २०८० पौष २ गतेको कान्तिपुर राष्ट्रिय दैनिक र मिति २०८० पौष ३ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि सूचित गरिएको साथै कम्पनी ऐन, २०६३ को

दफा ७३ (२) बमोजिम सभाको काम कारवाही अगाडि वढाउनका लागी कूल शेयर संख्याको न्यूनतम ५० प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ (तीन) जना स्वयं वा आफनो प्रतिनिधी मार्फत उपस्थित हुनु पर्ने व्यवस्था रहेकोमा प्रस्तुत सभामा शेयरधनी स्वयंम वा प्रतिनिधी मार्फत जम्मा ३७ जना शेयरधनीको प्रतिनिधित्व भएको साथै सभामा भाग लिन पाउने जम्मा शेयर संख्याको ७० भन्दा बढी प्रतिशत प्रतिनिधित्व यस सभामा भएकोले कम्पनी ऐन तथा कम्पनीको नियमावलीको व्यवस्था बमोजिम गणपुरक संख्या पुगेको र यो सभा कम्पनी ऐन, यस कम्पनीको नियमावली बमोजिम वोलाईएको कुरा यकिन गरी आजको सभा वैधानिक भएको जानकारी सभामा गराईयो । साथै यस सभाका लागी आवश्यक कानून बमोजिमका सबै प्रकृया पुरा भएकोले संचालक समितिका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहले सभाको सभापतित्व ग्रहण गरि छलफलका विषयसूची अनुसार सभा आरम्भ गरियो ।

४. **सभाको आरम्भ :** मिति २०८० मंसिर १७ गते वसेको संचालक समितिको निर्णयबाट प्रस्ताव गरिए बमोजिम तेईसौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरुलाई छलफल र निर्णयार्थ पेश गरिएको व्यहोरा सभाका सभापतिवाट सभालाई जानकारी गराईयो ।

५. **प्रतिवेदन प्रस्तुत :** यस कम्पनीको सभामा प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहले सभामा उपस्थित शेयरधनी एवं कम्पनीका पदाधिकारी एवं अन्य उपस्थित माहानुभावहरुलाई सभामा उपस्थित भई यस साधारण सभाको गरिमा वढाई दिनु भएका सबैलाई स्वागत अभिवादन गर्दै आ.व. २०७९।०८० को संचालक समितिको बार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । तत् पश्चात, सभाका सभापति ज्यूले सभा समक्ष कम्पनीको आ.व. २०७९।०८० को लेखा परीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव, मुनाफा मिलान, नाफा नोक्सान वाडफाड हिसाव, नगद प्रवाह विवरण, हिमालयन मल्टी एग्रो लिमिटेड र हिमालयन फिसरीज लिमिटेड समेतको एकिकृत आय व्याय विवरण, आ.व. २०८०।०८१ को लागि लेखा परीक्षकको नियुक्ती र निजको पारीश्रमिक निर्धारण, कम्पनीले संचालक समितिको नगद लाभांस र वोनस शेयर वितरण गर्ने प्रस्ताव र सो नगद लाभांस र वोनस शेयर वितरण पश्चात कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीहरुमा हुने संसोधन लगायतका सभामा प्रस्तुत सामान्य प्रस्तावहरु विषेश प्रस्तावहरु उपर छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा कम्पनीको कारोबार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तव्य, सुझाव तथा जिज्ञासाहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई आव्हान गर्नु भयो ।

६. **शेयरधनी ज्यूहरुको राय, सुझाव, मन्तव्य र जिज्ञासा तथा सुझावहरु :** शेयरधनी चन्द्र नारायण श्रेष्ठले Email मार्फत लिखित मन्तव्य पठाउनु भएको र सो मन्तव्यमा हिमालयन मल्टी एग्रो लिमिटेड र हिमालयन फिसरीज लिमिटेडले गर्ने कामको वारेमा प्रश्न गर्नु भएको, समयमा नै उठ्नु पर्ने रकम उठ्न नसकेकाले लाभांश घट्न पुगेको हो कि भन्ने तर्फ जानकारी गराउदै Current Account मा रहेको रकम मध्ये दैनिक कार्य संचालनको लागि पुग्ने रकम मात्र Current Account मा राखी वांकी रकम Fixed Deposit मा राख्न र घरेलु वजारका साथै Export गर्ने तर्फ पनि सुझाव दिनु भएको सम्बन्धमा निम्नानुसारको प्रतिउत्तर प्रस्तुत गरियो ।

कारखानावाट उत्पादन गर्ने क्रममा निश्कने Grain Sludge लाई व्यवस्थापन गरी पशुपंक्षीको लागि दाना, पेष्ट, Dry Cake, मल लगायत कृषि उपयोगीताका वस्तुहरु उत्पादन, विक्री वितरण गर्ने लगायतका मुख्य उद्धेश्य सहित हिमालयन मल्टी एग्रो लिमिटेड स्थापना गरिएको हो । यसै गरी माछा लगायतका विभिन्न पशुपंक्षी पालन, फलफुल जडिवुटी लगायतका वोट विरुवा, प्लाण्टेशन, दाना व्यवसाय आदि कार्य गर्ने उद्धेश्यका साथ हिमालयन फिसरीज लिमिटेडको स्थापना गरिएको हो । जग्गा व्यवस्थापन गरी सहायक उद्योगहरुको स्थापना गरी सकिएकोले यी उद्योग मार्फत समेत व्यवसाय विविधिकरण गर्ने गरी आय आर्जन वढाउने उद्धेश्य लिईएको भएता पनि यी कम्पनी स्थापना भए लगत्तै देशमा कोभिड महामारी एवं आर्थिक

अवस्था सकारात्मक नदेखिएकाले थप लगानी गर्न उपयुक्त नभएको हुदा सकारात्मक अबस्था आउने वित्तिकै कार्य अघि बढाउने तर्फ प्रयासरत रहेको जानकारी सभामा गराईयों ।

कम्पनीको संचित मौज्दातलाई समय समयमा ब्याज आम्दानी हुने Call Deposit तथा Fixed Deposit मा राख्ने गरेको जानकारी गराईयो

विगत वर्षमा वजारमा Credit Crunch भएकाले सो वाट विक्रीमा न्यूनतम मात्र प्रभाव परोस भनी उधारोमा सामान विक्री गर्नु पर्ने वाध्यात्मक परिस्थीति सृजना भएको थियो । तर हाल आएर आर्थिक वर्षको अन्त्यमा उधारोमा दिएको रकम कम्पनीले प्राप्त गरि सकेको छ भने यस आ.व. २०८०।०८१ को द्बितीय त्रैमासिक अवधिको उधारो रकम भने रु.९९ करोडमा घटि सकेको र यो रकम कम्पनीको व्यवसायिक policy अन्तरगत नै रहको जानकारी गराईयो । कम्पनीको हितको लागि शेयरहोल्डरहरुवाट प्राप्त सुझाव प्रति धन्यवाद व्यक्त गरियो ।

७. सभाबाट भएका निर्णयहरु :

क. सामान्य प्रस्तावहरुः

१. **आ.व.२०७९/०८० को संचालक समितिको वार्षिक प्रतिवेदनलाई पारित गर्ने :** प्रस्तुत प्रतिवेदन उपर सभामा विस्तृत छलफल भई सर्व सम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

२. **कम्पनीको आ.ब.२०७९/०८० को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने :** लेखा परीक्षकको प्रतिवेदन सहितको २०८० अषाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७९।०८० को नाफा–नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वार्षिक वितीय विवरण उपर छलफल गरि सर्व सम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

३. **यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि. र हिमालयन फिसरीज लि. को आ.व. २०७९।०८० को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरणलाई स्विकृत गर्ने :** यस कम्पनीको सहायक कम्पनीहरु : हिमालयन मल्टी एग्रो लिमिटेड र हिमालयन फिसरीज लिमिटेडको आ.व.२०७९/०८० को वितीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण माथि छलफल गरी सर्व सम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

४. **संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिंको १५ प्रतिशतले हुने नगद लाभांश रु.३६,४४,३४,९९७।५० (अक्षरुपी छत्तिस करोड चौवालिस लाख चौतिस हजार नौ सय सन्तानव्वे रुपैंया पचास पैसा मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने :** तेईसौं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तीका वन्द हुनु अघि सम्म अर्थात मिति २०८० पौष १३ गते सम्म कायम शेयरधनीहरुले हाल कायम चुक्ता पूंजिंको १५ प्रतिशतले हुने नगद लाभांश रु.३६,४४,३४,९९७।५० (अक्षरुपी छत्तिस करोड चौवालिस लाख चौतिस हजार नौ सय सन्तानव्वे रुपैंया पचास पैसा मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) मात्र वितरण गर्न स्विकृत गर्ने सर्व सम्मत निर्णय गरियो ।

५. **आ.व.२०८०/०८१ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका जी. पौड्याल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्टस्लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका जी. पौड्याल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्टस् नियुक्तीका लागि योग्य हुनु हुन्छ) :** लेखा परीक्षण समिति तथा संचालक समिति समेतको सिफारिस बमोजिम कम्पनीको आ.व.२०८०।०८१ को लेखा परीक्षकमा जी. पौड्याल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्टस्लाई नियुक्ती गर्ने र लेखा परीक्षण सम्वन्धि कार्य गरे वापत कर वाहेक रु.४,५०,०००।०० (अक्षरुपी चार लाख पचास हजार मात्र) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्व सम्मत गरियो ।

हिमालयन डिस्टलरी लिमिटेड पर्सा नेपाल

ख. विषेश प्रस्तावहरुः

६. **संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूजिंको १० प्रतिशत (कायम १० शेयरमा १ बोनस) का दरले हुने रु. २४,२९,५६,६६५।०० (अक्षरुपी चौविस करोड उनन्तिस लाख छपन्न हजार छ सय पैसठ्ठी मात्र) वरावरको वोनस शेयर वितरण गर्न स्विकृत गर्ने** : तेईसौं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तीका वन्द हुनु अघि सम्म अर्थात मिति २०८० पौष १३ गते सम्म कायम शेयरधनीहरुले हाल कायम चुक्ता पूंजिंको १० प्रतिशतले हुने नगद लाभांश रु. २४,२९,५६,६६५।०० (अक्षरुपी चौविस करोड उनन्तिस लाख छपन्न हजार छ सय पैसठ्ठी मात्र) वरावरको वोनस शेयर वितरण गर्न स्विकृत गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

७. **कम्पनीको साविकको अधिकृत पूजीं रु.२,५०,००,००,०००।०० (अक्षरुपी दुई अरव पचास करोड मात्र) बाट रु.३,००,००,००,०००।०० (अक्षरुपी तीन अरब) कायम गर्न स्विकृत गर्ने** : संचालक समितिले सिफारिस बमोजिम कम्पनीका शेयरधनीहरुलाई वोनस शेयर वितरण गर्ने निर्णय भए अनुसार कम्पनीको साविकको अधिकृत पूंजी रु.२,५०,००,००,०००।०० (अक्षरुपी दुई अरव पचास करोड मात्र) बाट वृद्धि गरि रु.३,००,००,००,०००।०० (अक्षरुपी तीन अरब) कायम गर्न स्विकृत गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

८. **साविकको चुक्ता पूंजिं रु. २,४२,९५,६६,६५० (अक्षरुपी दुई अरब वयालिस करोड पन्चानब्वे लाख छयासाठी हजार छ सय पचास रुपैंया मात्र) लाई वृद्धि गरी रु.२,६७,२५,२३,३१५।०० (अक्षरुपी दुई अरव सतसठ्ठी करोड पच्चिस लाख तेईस हजार तीन सय पन्ध्र मात्र) कायम गर्न स्विकृत गर्ने** : संचालक समितिले सिफारिस बमोजिम कम्पनीका शेयरधनीहरुलाई वोनस शेयर वितरण गर्ने निर्णय भए अनुसार कम्पनीको साविकको चुक्ता पूंजिं रु. २,४२,९५,६६,६५० (अक्षरुपी दुई अरब वयालिस करोड पन्चानब्वे लाख छयासाठी हजार छ सय पचास रुपैंया मात्र) लाई वृद्धि गरी रु.२,६७,२५,२३,३१५।०० (अक्षरुपी दुई अरव सतसठ्ठी करोड पच्चिस लाख तेईस हजार तीन सय पन्ध्र मात्र) कायम गर्न स्विकृत गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

९. **साविकमा कायम भएको अधिकृत पूजीं र चुक्ता पूजींमा बृद्धी/संसोधन हुने हुनाले कम्पनीको प्रवन्ध पत्रको दफा ५(क), (ख), (ग) तथा नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा संसोधन गर्न स्विकृत गर्ने ।**

संचालक समितिले सिफारिस गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई वोनस शेयर वितरण गर्ने निर्णय भए अनुसार कम्पनीको साविकको अधिकृत पूंजी र जारी पूंजींमा वृद्धि हुने निर्णय सर्व सम्मतिले भएको तपशिलमा उल्लेख भए बमोजिम कम्पनीको प्रवन्ध पत्रको दफा ५(क), (ख), (ग) र नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा देहाय अनुसार संसोधन गर्ने निर्णय गरियो ।

प्रवन्ध पत्रको दफा ५(क), ५(ख) र ५(ग) मा कायम भएको संसोधित व्यवस्थाः

दफा ५(क) मा कायम संसोधित व्यवस्थाः

कम्पनीको अधिकृत पूँजी रु.३,००,००,००,०००।०० (तीन अरब) हुनेछ । उक्त पूँजीलाई रु.१००।०० का दरले ३,००,००,००० (तीन करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । हाल प्रिफरेन्स शेयर सम्वन्धि कुनै व्यवस्था गरिएको छैन ।

दफा ५(ख) मा कायम संसोधित व्यवस्थाः

कम्पनीको जारी पूँजी र चुक्ता पूँजी रु.२,६७,२५,२३,३१५।०० (दुई अरव सतसठ्ठी करोड पच्चिस लाख तेईस हजार तीन सय पन्ध्र मात्र) हुनेछ ।

दफा ५(ग) मा कायम संसोधित व्यवस्थाः

कम्पनीको जारी पूँजी मध्ये २,६७,२५,२३,३.१५ थान साधारण शेयरमा विभाजन गरिएको छ ।

नियमावलीको नियम ५(क), ५(ख), ५(घ) र ५(ङ) मा कायम भएको संसोधित व्यवस्था:

नियमावलीको नियम ५(क) मा कायम संसोधित व्यवस्था:

कम्पनीको अधिकृत पूँजी रु.३,००,००,००,०००।०० (तीन अरब) हुनेछ ।

नियमावलीको नियम ५(ख)मा कायम संसोधित व्यवस्था:

कम्पनीको जारी पूँजी र चुक्ता पूँजी रु.२,६७,२५,२३,३१५।०० (दुई अरव सतसठ्ठी करोड पच्चिस लाख तेईस हजार तीन सय पन्ध्र मात्र) हुनेछ ।

नियमावलीको नियम ५(घ) मा कायम संसोधित व्यवस्था:

कम्पनीले आफनो जारी पूँजीलाई २,६७,२५,२३,३.१५ कित्ता साधारण शेयर विभाजन गरी जारी गर्नेछ । हाल प्रिफरेन्स शेयर सम्वन्धि व्यवस्था गरिएको छैन ।

नियमावलीको नियम ५(ङ) मा कायम संसोधित व्यवस्था:

कम्पनीले तत्काल जारी गरेको पूँजी मध्ये रु.२,६७,२५,२३३.१५ कित्ता शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन ।

१०. कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

कम्पनीको तेईसौं वार्षिक साधारण सभामा भएको निर्णय अनुसार कम्पनीका प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक फेरवदल वा संसोधन, थप आदिका विषयमा अभिलेख गर्ने क्रममा नियमनकारी निकायबाट कुनै संसोधन, राय सुझावहरु आएमा सो सुझाव अनुसार गर्नका लागि वा यस निर्णय अनुसार नियमनकारी निकायबाट निर्णय, स्विकृती वा अभिलेख आदी गर्न गराउनका लागि केही संसोधन फेरबदल गर्नुपरेमा सो सम्बन्धी आवश्यक कार्य गर्न यस कम्पनीको संचालक समितिलाई सम्पुर्ण अख्तियारी दिने निर्णय सर्व सम्मत रुपमा पारित गरियो ।

११. आ.व.२०८०।०८१ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

प्रस्तुत विषयमा छलफल गर्दा आ.व.२०७६।०७७ मा रु.८,१२,८०२।००, आ.व.२०७७।०७८ मा रु.३,७९,७५३।००, आ.व.२०७८।०७९ मा रु. २,१०,७००।०० र आ.व.२०७९।०८० मा रु १,५१,०११।०० मात्र कम्पनी ऐन, २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरेको शिर्षकमा खर्च भएको कम्पनीको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहितको लेखा परीक्षण प्रतिवेदनबाट देखिएता पनि भविष्यमा पर्न सक्ने आवश्यकता र परिस्थीतिलाई मध्यनजर गरि चालु आ.व.२०८०।०८१ का लागि उक्त शिर्षकमा रु.१५,००,०००।०० सम्मको खर्च पूर्व स्विकृतीका लागि संचालक समितिबाट समेत सिफारिस भई आएकोले सो वमोजिमको खर्चलाई पूर्व स्विकृत प्रदान गर्ने निर्णय सर्व सम्मतीले गरियो ।

१२. विविध : साधारण सभाको सूचना अनुसार शेयरधनी चन्द्र नारायण श्रेष्ठले Email मार्फत लिखित मन्तव्य र जिज्ञासा पठाउनु भएको विषयहरुमा माथि नै छलफल गरि सकिएको जानकारी यस सभालाई गराईयो ।

हिमालयन डिस्टलरी लिमिटेड पर्सा नेपाल

अन्त्यमा, उपस्थित सम्पूर्ण शेयरधनीहरु, आगन्तुक पाहुनाहरु, कम्पनीका पूर्व अध्यक्ष, पूर्व प्रवन्ध संचालक, सुरक्षा निकायका प्रतिनिधिहरु, पत्रकारहरु र कम्पनीका कर्मचारी एवं श्रमिकहरुलाई सभामा सहभागी हुनु भएकोमा धन्यवाद ज्ञापन गर्दै र पूर्व संचालक सदस्यहरुबाट सदैव सहयोग र सुझावहरुको अपेक्षा गर्दै आजको सभा समापन गर्नु भयो ।

....
अखिलेश्वर प्रसाद सिंह
संचालक समितिका अध्यक्ष तथा यस सभाका सभापति
मितिः २०८०।०९।२५
कम्पनीको छापः

....
निशा निरौला
कम्पनी सचीव
मितिः २०८०।०९।२५